"हाम्रो मिथिला हाम्रो शान,समृद्ध नगर हाम्रो अभियान"

मिथिला नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ढल्केवर,धनुषा

मधेश प्रदेश,नेपाल

आ.व. २०८२/०८३ को

# नीति तथा कार्यक्रम

"हाम्रो मिथिला हाम्रो शान,समृद्ध नगर हाम्रो अभियान"

उप प्रमुखज्यू,
नगर सभाका सबै सदस्यज्यूहरु,
लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा
मिथिला नगरपालिकाको नगर सभाको १५औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम नगर सभाको १५औं अधिवेशनको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस नगरपालिकाको विकास र समृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा साथ सहयोग र हौसला प्रदान गर्नु हुने मिथिला नगरबासी आदरणीय आमा बुवा, दाजुभाई तथा दिदिबहिनीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नु हुने सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

यस मिथिला नगरपालिकाको विकास र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिवद्ध छौं । मिथिला नगरपालिकाका सम्पूर्ण नागरिकहरुको शिक्षा र स्वास्थ्यमा सहज पहूँच र पर्याप्तता तथा सामाजिक क्षेत्रको स्तर वृद्धिसँगै स्थानीय भाषा, संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ । कृषि र प्राकृतिक सम्पदामा आधारित पर्यटन मिथिलाको सम्भावनाको पहिलो क्षेत्र हो । दिगो पूर्वाधार विकास सँगै वातावरण संरक्षण र विपद उत्थानशिल संरचना निर्माण हाम्रो लागि अर्को सुधार गर्नुपर्ने क्षेत्र देखिएको छ । यसका साथै सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको प्रयोग अनिवार्य छ । बाटोघाटोहरुको विस्तार र स्तरवृद्धिसँगै स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण संरक्षण गरी मिथिला नगरपालिकालाई सुन्दर नगर बनाउने हाम्रो ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद् ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्द्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, सहकार्य र समन्वय रहने कुरामा म विश्वस्त रहेको छु ।

नेपालको संविधान (२०७२), नेपाल सरकार, मधेश प्रदेश सरकारको चालु आवधिक योजना, दिगो विकास लक्ष्य, सङ्घीय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रम, राजनीतिक दलको घोषणा पत्रलाई यो नीति तथा कार्यक्रमको मार्गदर्शनको रुपमा लिएको छु । सभा सदस्यज्यूहरु, स्थानीय प्रबुद्ध वर्ग, उद्यमी व्यवसायी, राजनीतिक दल, विषयगत समिति एवं सामाजिक संघसंस्थाबाट प्राप्त सुझावहरु समेतलाई समावेश गरेको छु ।

अब म आ.व. २०८१/०८२ मा भएगरेका महत्वपूर्ण कामहरुको समीक्षा राख्न चाहन्छु ।

**मिति २०८१ श्रावण देखी मिति २०८२ आषाढ सम्मको नीति तथा कार्यक्रमको समीक्षा:**

१. नगर सभा सदस्यज्यूहरु हामी निर्वाचित भएको ३ वर्ष समाप्त भई चौथो वर्षमा प्रवेश गरेका छौं। यस क्रममा हामीले जनतासँग गरेका वाचाहरु केहि हद सम्म पुरा गरिसकेका छौं । कतिपय कुरा हुने क्रममा रहेका छन् र कतिपय संचालन भैरहेंका छन् । जनताको स्वास्थ्य प्रतिको संवेदनशीलतालाई मनन् गरी स्वास्थ्य चौकी ढल्केवरममा आकास्मिक स्वास्थ्य सेवा संचालन भएको छ । नगर स्तरीय १५ शैया अस्पतालको बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको छ, ट्रमा सेन्टर स्वाथ्य मन्त्रालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयवाट स्वीकृत भई भूमि सुधार मन्त्रालयमा जग्गा प्राप्तिको अन्तिम चरणमा रहेको छ।

२. शिक्षा प्रतिको चाहना नगरको आवश्यक्तालाई ध्यानमा राखी शिक्षा गुणस्तर कायम गर्न अंग्रेजी माध्यमबाट पठन पाठन सुरु गर्ने कार्य साथै शिक्षकको क्षमतालाई बढोतरी दिन विभिन्न तालिमहरु संचालन भएका छन् । युवाहरुको उच्च शिक्षामा देखिएको पलायन रोक्नका लागि ढल्केवर चौक देखी दक्षिण तर्फ जनक राजमार्ग नजिक महेन्द्र बहुमुखी क्याम्पस निर्माणको कार्य थालनी भएको छ । जसलाई २ वर्ष भित्र पुरा गर्ने लक्ष्य लिएको छु। कक्षा ८ को नगरस्तरीय परिक्षालाई केन्द्रित गरी व्यवस्थित गर्ने कार्यको थालनी भएको छ ।

३. नागरिकको रोजगार प्रतिको आवश्यकतालाई ध्यानमा राखी विभिन्न सीपमूलक तालिमहरु संचालन भएका छन्, जसबाट ठूलो संख्यामा नगरवासीहरुमा रोजगारी श्रृजना हुनुका साथै नगरको आर्थिक विकासमा टेवा पुगेको छ ।

४. न्यायिक समितिका कामकाजलाई छिटोछरितो बनाई जनताले हामी प्रति देखाएको स्वतन्त्र तथा निश्पक्ष न्याय प्राप्त गर्ने आकांक्षालाई विश्वास योग्य बनाई राख्ने हरदम प्रयास भैरहेको छ । साथै हाल सम्म ७० प्रतिशत भन्दा वढी उजुरी फछयौट भएको छ ।

५. कृषि तथा पशु विकासका क्षेत्रमा जनताको आकर्षण कायम गरी आम नागरिकलाई स्वदेशमै रोजगारी पाउने उद्देश्यले आधुनिक कृषि प्रविधिको वितरण मार्फत कृषिको यान्त्रिकीकरण गर्नुका साथै आर्थिक विकास करीडोर बर्दिवासको सहकार्यमा कृषि भवनको निर्माण भई कृषि तथा पशु शाखालाई व्यवस्थित गरिएको अवस्थामा रहेको छ । सिंचाईको लागि संघ , प्रदेश र पालिकाको समन्वयमा करीव ६० थान डिप वोडिङ्ग मार्फत करीव ४०० विगाहा क्षेत्रफलमा सिंचाई सुविधा उपलब्भ गराइएको छ ।

६. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु तथा अशक्त व्यक्तिहरुको जीवनयापनलाई सहज बाउन सहायक सामाग्री वितरण गरिनुको साथै उनीहरुलाई समाजमा सम्मानपूर्वक जीवन जिउने वातावरण सिर्जना भएको छ ।

७. प्रशासनिक कार्यलाई छिटो छरितो र व्यवस्थित वनाउन नगरपालिकाको प्रशासनिक भवनको D.P.R. तयार भई जग्गा प्राप्तिको चरणमा रहेको तथा संघ सरकारबाट बजेटको व्यवस्था समेत भएको छ, साथै वडा कार्यालयहरुको आफ्नै भवनहरु निरन्तर रुपमा निर्माण भई संचालनमा आउन थालेका छन् ।

८. कर संकलन कार्यलाई करदाता मैत्री तथा प्रगतिशिल कर प्रणाली लागु गर्न अनलाइन प्रणाली मार्फत कर भुक्तानी गरिने व्यवस्था मिलाइएको छ, जसबाट असल कर प्रशासन शुरु हुने अपेक्षा गरिएको छ । कर प्रणालीलाई व्यवस्थित गर्न राजश्व सुधार योजना तयार गरिएको छ ।

९. नगर भित्रका बजार क्षेत्रहरुको व्यवस्थापन तथा स्तरवृद्धि गर्ने कार्यको थालनी गरिएको छ । मिथिला नगरपालिका वडा नं. ९ अन्तर्गत रहेको बडहरी वजारको स्तरोन्नति गरिएको छ ।

१०. नगर भित्र यस वर्षको दौरानमा नगरको आन्तरिक श्रोत तथा प्रदेश र संघिय सरकारसंग समन्वयमा विभिन्न वडाहरुमा झण्डै २५ कि.मि. कालोपत्रे सडक निर्माण गर्ने कार्य भएको छ भने ढल्केवर रानीवास सडक स्तरउन्नतिको लागि प्रदेश सरकारबाट २ करोड ५० लाख बजेट विनियोजन भएको छ ।

११. चालु आ.व. मा विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थाहरु (UNICEF Nepal, PPC, The Asia Foundation, Asman Nepal, सेतो गुराँस) को साझेदारीमा यस न.पा. को शिक्षा, स्वास्थ्य तथा स्थानीय सरकार सवलीकरण लगायतको क्षेत्रमा उल्लेखनिय कार्यक्रम भएका छन सोको लागि उक्त संघ/संस्थाहरुलाई धन्यवाद ज्ञापन गर्दै अगामी दिनमा समेत नगरपालिकाको चौतर्फी विकासमा सहयोग हुने अपेक्षा गरेका छौ ।ल

१२. भूमि सम्बन्धी कामकाजको लागि जिल्ला सदरमुकाम पुग्नु पर्ने झन्झट हटाई पालिकाको केन्द्र ढल्केवरमा नै नापी कार्यालय तथा मालपोत कार्यालय स्थापना गराई कामकाज सुरु भएको छ ।साथै चुरे संरक्षणको कार्यालय समेत पालिकामा नै स्थापना गराउने कार्य अन्तिम चरनमा पुगेको छ ।

१३. राष्ट्रिय परिचयपत्रको दर्ता स्टेशनमा अन्लाइन मार्फत दर्ता गर्ने कार्यको थालनी भएको छ जस्ले गर्दा दैनिक दर्ता गर्ने संख्यामा बढोत्तरी भएको छ ।

१४. नगरमा शान्ति सुरक्षा, अमन चयन कायम गराउन नगर प्रहरीको भर्ना प्रक्रिया अगाडी बढाइएको छ ।

१५. सहिदको सम्मान तथा तालिम गोष्टी संचालन गर्ने व्यवस्थित हलको रुपमा सहिद मुङ्गालाल मोहन स्मृति प्रतिस्ठान भवनको स्तरउन्नति गरिएको छ । साथै सहिद मुङ्गालाल मोहन स्मृति प्रतिस्ठान भवनको अगाडी दुवै सहिदको सालिक निर्माण भई शिल्यानास गरिएको छ ।

हामीले कार्यभार सम्हालेको यो तेश्रो वर्षमा नागरिकहरुमा स्थानीय सरकारको रुपमा यस नगरपालिकाको काम कारवाही प्रति सकारात्मक सन्देशको प्रवाह गर्न हामी सफल भएका छौ, साथै यस क्रमलाई यस वर्ष अझ नागरिकको भरोसा योग्य स्थानीय सरकार बनाउने कार्यमा हामी दत्तचित्त भएर अघि बढ्नेछौं भन्ने कुरामा यस सभा मार्फत विश्वास दिलाउन चाहान्छौं ।विगत ३ तीन वर्षको अनुभवलाई समेटेर अगामी दिनमा हामी अगाडी बढने छौ ।

**अब म मिथिला नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति र कार्यक्रम यस नगर सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

मिथिला नगरपालिकाको दीर्घकालिन सोचलाई कार्यान्वयन गर्न देहायका नीति तथा कार्यक्रमहरु अबलम्वन गरिनेछन् ।

## १. <u>आर्थिक विकास</u> (कृषि, पशुपालन, रोजगारी, उद्योग, वाणिज्य)

- जैविक खेतीलाई प्रोत्साहन गर्न जैविक मलको उत्पादन तथा व्यवस्थापन गर्दै सोको प्रयोगलाई बढावा दिइनेछ ।
- उत्पादकत्व बढाउने किसिमका कार्यक्रम संचालन गरि किसानको आय आर्जनमा वृद्धि गरिनेछ ।
- माटोको उर्वराशक्ती पहिचान गरी सो अनुसारको खेतीलाई प्रोत्साहन गर्न माटो परिक्षण गरी माटो सुधारको विभिन्न कार्यक्रम गरिनेछ ।
- स्थानीय कृषि उपजलाई ब्रान्डिङ्ग गरी कृषि प्रदर्शनका कार्यक्रम संचालन गरिने छ ।

- खाली जग्गा, नदि उकास जग्गाहरुको संरक्षण गर्दै कृषि प्रयोजनका लागि उपयोग गरिनेछ ।
- कृषि बालीमा क्षति पुर्याउने बन्यजन्तु नीलगाई, बदेल, बाँदर नियन्त्रण तथा व्यवस्थापनको लागि बजेट विनियोजन गरिनेछ ।
- नगरपालिकालाई खाद्यान्न बालीको बीऊ बिजनमा आत्मनिर्भर बनाउनको लागिकृषि अनुदानको व्यवस्था मिलाईनेछ ।
- कृषि क्षेत्रको सिंचाईको व्यवस्थापनमा भूमिगत सिचाईलाई प्राथमिकताको आधारमा बढावा दिईनेछ ।
- कृषि बालीमा लाग्ने रोग तथा कीट नियन्त्रण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्वमा बढोत्तरी ल्याउन आधुनिक प्रविधिको अधिकतम प्रयोगलाई निरन्तरता दिदै थप आधुनिक औजारहरुको प्रयोग सम्बन्धमा किसानहरुलाई अनुदान तथा सीप विकासको व्यवस्था गरिनेछ ।
- सामुहिक कृषि खेतीलाई प्रवर्द्धन गरिनेछ, कृषि प्रयोजनका लागि सामुहिक रुपमा संचालित डिप बोरिङ, स्यालो ट्युवेल, ईनार लगायत सिंचाईजन्य कार्य गर्दा विद्युत महशुल वापत लाग्ने रकममा नेपाल सरकारको अनुदान समेत गरी १००% अनुदान दिईनेछ साथै त्यस्ता प्रकृतिका सिंचाईजन्य प्रविधिको व्यवस्थापन कार्यविधि बनाएर यस नगरपालिका मार्फत गरिनेछ ।
- कृषकलाई आवश्यक पर्ने मल/खादहरु कृषक संख्याको आधारमा आवश्यकता अनुसार पर्याप्त मात्रामा तथा समयमै उपलब्ध गराउन संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
- कृषि उत्पादनमा सम्भावित पकेट क्षेत्रहरुको पहिचान गरी पकेट क्षेत्रको रुपमा आँप जोन , तरकारी जोन र पशु पालन जोनको रुपका कार्यक्रम संचालन गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेका सारभुत कृषकहरुलाई कार्यविधि बनाई मासिक रुपमा भत्ताको व्यवस्थापन गरिनेछ ।साथै युवा लक्षित कृषि कर्जाको व्याजमा अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- Skill मेला मार्फत वेरोजगार रहेको युवाहरुको सिप तथा क्षमताको विकास गरी skilled manpower उत्पादन गर्ने , skill मेला संचालन गर्नको लागी बजेटको व्यवस्था मिलाउने छ ।
- "आधुनिक कृषिमा प्रबिधि सहितको लगानी गरौ, कृषकलाई सम्मान गरौ" भन्ने मुल नारा सहितको कार्यक्रम लागु गरिनेछ र सो अन्तर्गत कृषि मेला ,उत्कृष्ट कृषकलाई सम्मान गर्ने लगायत कार्यक्रम सचालन गरिनेछ ।
- स्थानीय उत्पादन मिठ्ठा तथा आपको चकलेट र दुग्धजन्य पदार्थको उत्पादनलाई प्रोत्साहित गरी मिथिला ब्रान्डिङ्ग गर्नको लागि वजेट व्यवस्थापन गरिनेछ ।
- कृषि तथा पशु बीमा कार्यक्रमको प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- पशुको उत्पादन तथा उत्पादकत्व बढाउनको लागि समयानुकुल गुणस्तरीय पशु आहारको सहज आपुर्तिको लागि घाँसको बिउ विजन, बेर्ना, सेट्स आदि वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशु सेवा शाखाबाट सेवा लिन नसकिने ठाँउमा पशु स्वास्थ्य शिविर संचालन मार्फत पशुमा लाग्ने रोगहरुको जोखिम न्युनिकरण गर्न खोप, औषधी वितरणको निःशुल्क व्यवस्था गरिनेछ ।
- पशुहरुमा लाग्ने रोगहरुको जोखिम न्युनिकरण गर्न लागत सहभागितामा गोठ, खोर सुधारको कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।
- पशुपन्क्षिमा नस्ल सुधारको कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- कृषि तथा पशुपालन मार्फत दिगो तथा प्रभावकारी आर्थिक विकास गर्न " **किसान र जवान सँग मेयर कार्यक्रम**" संचालन गरिनेछ ।
- मिथिला नगर क्षेत्र भित्रको धार्मिक तथा पर्यटकिय स्थलको पहिचान गरी नगर प्रोफाइलमा समावेश गरिनेछ ।
- स्थानीय मासु तथा दुग्धजन्य उत्पादनलाई बढावा दिन मिथिला पशु बजार संचालन अध्यन गरिने नीति अवलम्वन गरिनेछ ।

- एक सहकारी एक उत्पादन कार्यक्रमलाई बढ़ावा दिईनेछ ।
- तीन खम्बे नीति अनुरुप सहकारीहरुलाई सबल र सक्षम बनाउन सहकारी शिक्षा कार्यक्रमहरु संचालन गरिनुका साथै सबै सहकारीलाई कोपोमिस (COPOMIS) मा अनिवार्य आवद्ध गराईनेछ ।
- साझा सहकारी संस्थाको सम्पति संरक्षण तथा व्यवस्थापन गरी संचालनमा ल्याईने प्रक्रिया अगाडी बढाउने छ ।
- सहकारी संस्थाहरुलाई दर्ता, नियमन, प्रवर्द्धन र विकासमा सहयोग गरिनेछ ।
- सहकारी तथा वित्तीय क्षेत्र संग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

## २. सामाजिक विकास

**(स्वास्थ्य तथा पोषण, शिक्षा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, खानेपानी तथा सरसफाई, युवा तथा खेलकुद, लैगिक समानता तथा सामाजिक समावेशीकरण, न्यायिक समिति)**

- शिक्षित तथा दक्ष जनशक्ति स्थानीय स्तरमै विकास गर्न तत्काल नगर र विद्यालयको साझेदारिमा स्नातक तहको पठन पाठन कार्य यसै शैक्षिक सत्रबाट सुरुवात गरि महेन्द्र बहुमुखि क्याम्पसको पूर्वाधार निर्माणलाई यथाशिघ्र सम्पन्न गरि हस्तान्तरण गरिने छ ।
- प्राविधिक तथा सीपमूलक शिक्षाको अवसर प्रदान गर्न नगरसँगको साझेदारीमा श्री जनता मा.वि. नक्टाझिजमा प्राविधिक शिक्षा पठनपाठन (भेटरिनरी शिक्षा) हुने कार्यको थालनी अगामी शैक्षिक सत्रबाट गरिनेछ ।
- सबै विद्यालय उमेरसमूहका बालवालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षामा पहुँच बढाउन प्रारम्भिक बालकक्षाको निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्थापन, सरसफाई खेलकुद ,सिकाइ, मनोरन्जन सामग्री तथा कार्यक्रम, कक्षाकोठा व्यवस्थापन र बाल उद्यान आदिमा लगानी गरि क्रमश वालकक्षालाई वालप्रविधि मैत्री बनाउनको लागि वजेट व्यवस्थापन गरिनेछ ।
- समुदायिक विद्यालयवाट नै गुणस्तरीय शिक्षा सुनिश्चित गर्न समुदायिक विद्यालयको प्र.अ.,शिक्षक,विद्यालय कर्मचारी एवंम अभिभावकहरूको क्षेत्रगत क्षमता अभिवृद्वि तथा कक्षा १० को विद्यार्थीहरूको वृत्तिविकास सम्बन्धि तालिम आयोजना गरिने छ।
- तोकिएको उमेर समूहका सबै निरक्षर वडावासी र नगरवासीलाई साक्षार गराउन साक्षारता अभियान सञ्चालन गरी क्रमश साक्षर वडा र नगर घोषणा गरिनेछ।
- नगर क्षेत्रका उत्कृष्ट प्र.अ. शिक्षक, विद्यार्थी र विद्यालयलाई पुरुस्कृत गर्नको लागि वजेट व्यवस्थापन गरिनेछ।
- सामुदायिक विद्यालयमा तत्कालै कार्यविधि अनुरुप प्र.अ.को व्यवस्थापन गरि नियमित प्र.अ. वैठकलाई निरन्तरता दिदै प्रधानाध्यापक प्रोत्साहन भत्ताको व्ययवस्थापन गरिने छ।
- नगर शैक्षिक पात्रो (क्यालेन्डर) निर्माणलाई निरन्तरता दिदै शैक्षिक गुणस्तरीयता अभिबृद्धिका लागि स्रोत व्यक्ति वा वाल विकास संयोजकको व्यवस्थापन गरिनेछ।
- सामुदायिक विद्यालयहरूलाई क्रमशः प्रविधिमैत्री विद्यालयको रुपमा विकास गरिने छ।
- एक वडा एक अंग्रेजी माध्यम नमूना विद्यालयको रुपमा स्तरउन्नती गरिने छ ।
- सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षकको अभाव न्युनिकरण गर्न यथा सिघ्र दरबन्दि मिलानको कार्य सम्पन्न गरि आवश्यकता अनुसार नगरशिक्षक न्युक्ति गरि विद्यार्थी र शिक्षकको अनुपात मिलाईने छ।
- समुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुलाई असल अभ्यास अवलोकन भ्रमणको व्यवस्थापन गरिनेछ।
- साक्षर पालिका घोषणा गर्न हरेक संघ संस्थाले कम्तीमा ५० जनालाई साक्षर गराउनु पर्ने व्यवस्था मिलाइनेछ ।

- मिथिला सागर पोखरीया, चमिनिया माई मन्दिर ,औरही बाबा, धनेश्वर माहादेव, वेङगाडावर पोखरी आदीलाई धार्मिक तथा एतिहासिक पर्यटकीय स्थलको रुपमा स्तरउन्नती गरिनेछ ।
- मि.न.पा. ९ मा रहेको सार्वजानिक नमुना मा. वि. मा संचालित विशेष शिक्षा कार्यक्रमको लागि संघिय तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।
- मिथिला नगरपालिका क्षेत्र विद्युतीय प्रसारण लाइनको संजाल रहेकोमा यस क्षेत्रका वासिन्दाहरुका लागि लोड सेडिङ्ग मुक्त पालिकाको रुपमा घोषणा गर्न विगतमा भएको सम्झौता कार्यन्वयनको लागि पहल गरिनेछ ।
- कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थिका लागि पढदै पढाउने कार्यक्रमको सुरुवात गर्नेछ ।
- विद्यार्थीको चाप र आवश्यकताको अधारमा नगर शिक्षा समितिको निर्णयवाट समुदायिक विद्यालयको कक्षा उन्नती गर्ने तथा स्थानीय मापदण्ड बनाई सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयको स्थापना, अनुमति, संचालन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तयार गर्दा नैतिक शिक्षा, जीवन उपयोगी शिक्षा, योग ध्यान तथा राष्ट्रिय भावनाले ओतप्रोत भएको स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गरी लागु गरिनेछ ।
- विद्यालयहरुमा **Wash** कार्यक्रम संचालन कार्यलाई निरन्तरता दिदै विद्यालयमा खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम अन्तर्गत शुद्ध र सुरक्षित खानेपानी कार्यक्रमको प्रवर्द्धन गरिनेछ ।
- नगर स्तरीय खेलकुद कार्यक्रम संचालन गर्न कार्यविधि बनाई सो मार्फत आवश्यक खेलकुदको प्रवर्द्धन गरिनेछ ।
- विद्यार्थीहरुको सर्वाङ्गिण विकास तथा प्रतिभा प्रस्फुटनका लागि नगर क्षेत्रभित्रका सबै विद्यालयमा हप्ताको १ दिन अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन गराई क्रमशः Book Free Friday को आवधारणा कार्यन्वयन गर्ने तथा विद्यालयमा सिकेका सिपलाई व्यपारिकरण गर्न **मिथिला मेयर शैक्षिक मेला** आयोजना गरिने छ ।
- सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट हुने पठन पाठनलाई प्रभावकारी रुपमा निरन्तरता दिदै समुदायिक विद्यालयको अंग्रेजी माध्यमको बालकक्षा देखि ५ कक्षा सम्मको विद्यार्थीहरूलाई निःशुल्क पोसाकको व्यवस्था मिलाइनेछ।
- सामुदायिक विद्यालयको दिवाखाजा कार्यक्रमलाई सन्तुलित र पोषणयुक्त बनाउन खाजामा रैथाने बालीको प्रभावकारी प्रयोगलाई बढावा दिईनेछ ।
- नगरभित्रको संस्थागत विद्यालयहरूमा नियमानुसार दिनु पर्ने छात्रवृतिलाई अनिवार्यरूपमा कार्यान्वयन गरिनेछ।
- नगरभित्रको संस्थागत विद्यालयहरूको पाठ्यपुस्तकमा एकरुपता कायम गरि कम्तिमा ५ बर्ष सम्म पाठ्यपुस्तक परिवर्तन गर्न नपाउने व्यवस्था मिलाइने छ।
- समुदायिक विद्यालयको निशुल्क नगर स्तरीय परिक्षा संचालन तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिईने छ।
- शिशु कक्षालाई Knowledge Economy शिक्षाको लागि नेपाल सरकारबाट स्वीकृति प्राप्त श्रव्य दृश्य सहितको पाठ्य सामाग्री यसै शैक्षिक सत्रबाट प्रयोगमा ल्याउनको लागि वजेट विनियोजन गरिनेछ ।
- दलित सामुदायका छोरी/बुहारीलाई उच्च शिक्षा अध्ययन गर्न कार्यविधि बनाएर अनुदान दिइनेछ ।
- धार्मिक तिर्थस्थलहरुको भ्रमणको लागि ५० वर्ष भन्दा माथीको नागरीकलाई वडाको जनसंख्या अनुसार अवलोकन भ्रमणको लागि बजेट विनियोजन गरीनेछ ।
- युवा संग मेयर कार्यक्रम अन्तर्गत मुङ्गालाल मोहन स्मृती महिला क्रिकेट प्रतियोगिता संचालन गर्न को लागि बजेट विनियोजन गरिनेछ ।

- महिला, दलित,एकल महिला, यौनिक अल्पसंख्यक, विपन्न वर्ग, सिमान्तकृत वर्ग, मुस्लिम, अपाङ्गग भएका व्यक्तिहरु, आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका लक्षित वर्गलाई आर्थिक, सामाजिक सशक्तिकरण, मूल प्रवाहीकरण र सचेतीकरण गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- बाल विवाह तथा बालश्रम मुक्त पालिका घोषना गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- शारीरिक अपाङ्गता भएको बालबालिका तथा व्यक्तिहरुका शल्यक्रियाको लागि अपाङ्ग बाल अस्पतालसंग साझेदारी गरी शिविर संचालन गरिनेछ ।
- जेष्ठ नागरिकका अनुभव आदान प्रदान गर्न जेष्ठ नागरीक मिलन केन्द्र स्थापना गरिनेछ ।
- यौनिक अल्पसंख्याक नागरिकलाई समाजमा सम्मानपूर्व बस्न उचित वातावरणको व्यवस्था गरिनेछ ।
- ग र घ वर्गको अपाङ्गता भएका व्यक्तिलाई कार्यविधि बनाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- "मिथिलाको शान, शिक्षित महिला हाम्रो अभियान" कार्यक्रम मार्फत महिलाहरुलाई उच्च शिक्षामा आकर्षण गर्ने विशेष कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।
- नगर, वडा, टोल टोलहरुसम्म भएको महिला संजालहरु मार्फत महिला सशक्तिकरण कर्यक्रम संचालन गरिनेछ।
- महिला उद्यमीहरु सँग उपप्रमुख कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- दलित तथा एकल महिलाको संजाल निर्माण गरी आय आर्जन वढाई आत्मनिर्भर वनाइनेछ ।
- दीर्घरोगीको साथमा मिथिला नगरपालिका तथा मेयर संग जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।
- कुपोषित बालबालिकाहरुको उपचारका लागि OTC center स्थापना गर्ने कार्यलाई निरन्तरता दिदै Hello Sister कार्यक्रम मार्फत गर्भवती तथा सुत्केरी महिलाको नियमित जाँच तथा खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- आ.व. २०८१/०८२ को पूर्ण खोप दिगोपन भएको घोषणा गर्दै उक्त कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाँऊ घर क्लिनिक तथा खोप क्लिनिकको प्रभावकारी संचालन मार्फत ५ वर्ष मुनिका बच्चा, गर्भवती महिला, अपाङ्गता भएका तथा ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको स्वास्थ्य जाँच शिविर संचालन गरिनेछ ।
- विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम संचालन गरिनेछ । सो अन्तर्गत विद्यालयहरुलाई First Aid Box वितरण, स्वास्थ्य जाच शिविर लगायतका कार्यक्रम संचालन गरिनेछ ।
- आँखा जाँच शिविर संचालन गरिनेछ ।
- महिलाको पाठेघर सम्बन्धी रोगको स्क्रिनिङ कार्यक्रमलाई विस्तार गरी उपचारको आवश्यक व्यवस्था मिलाईनेछ ।
- नगर भित्रका औषधि पसलहरुको संचालन, अनुमति अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविका तथा आमा समूह मार्फत संचालन हुदै आएको स्वास्थ्य सेवा सम्बन्धी जनचेतनामूलक कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिईनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको दैनिकी सहज बनाउन प्रदान गर्ने गरिएको सहायक सामाग्री वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- गर्भवती महिलाको निःशुल्क स्वास्थ्य परीक्षण कार्यलाई निरन्तरता दिईनेछ ।प्रसुती पोषण कार्यक्रम तथा सुनौलो १००० दिन पोषण विशेष कार्यक्रम संचालन गरिनेछ।
- आकास्मिक सेवालाई निरन्तरता दिन आवश्यक व्यवस्थापनका लागि संघीय सरकार तथा प्रादेशिक सरकारसंग समन्वय गरिनेछ ।
- स्वास्थ्य वीमा कार्यक्रमलाई नगर फार्मेसीमा आवद्ध गर्न सङ्घीय सरकारसंग समन्वय गरिनेछ ।
- स्वास्थ्य चौकी व्यवस्थापन समिति (HFMOC) लाई प्रभावकरी रुपमा सेवा प्रवाह गर्न सक्रिय गराइनेछ।
- मोतियाविन्दुको शल्यक्रियामा दिदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- खेलकुदको माध्यमबाट नगरलाई राष्ट्रव्यापी रुपमा चिनाउन **मेयर कप खेलकुद कार्यक्रम** संचालन गरिनेछ।साथै खेलाडीको प्रतिभालाई पहिचान गरी पुरस्कार तथा सम्मानको व्यवस्था मिलाईनेछ ।
- स्थानीय सरकारको न्यायिक समितिलाई संविधानको मर्म अनुरुप स्वच्छ, पारदर्शी र अधिकार सम्पन्न बनाईनेछ ।
- न्यायिक कार्यसम्पादनलाई विश्वसनीय, प्रभावकारी र जवाफदेही बनाउन छिटोछरितो र प्रविधिमैत्री सेवा सुचारु गरिनेछ ।साथै न्यायिक कार्यसम्पादनका लागि अलगै कक्ष व्यवस्थापन गरीनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारी एवं विभिन्न लक्षित समुदायका बिच कानूनी साक्षरता, न्यायिक समितिको काम तथा उत्तरदायित्व, मेलमिलापका विषय एवं आवश्यकताका सम्बन्धमा तालिम सञ्चालन गरिनेछ ।
- दक्ष मेलमिलापकर्ता तयार पर्नका लागि एडभान्स, आधारभूत तथा पूर्नताजगी तालिम सञ्चालन गरिनेछ ।
- न्यायिक समितिको अनुभव तथा असल अभ्यासहरुको आदान प्रदानका लागि अध्ययन भ्रमणको व्यवस्था मिलाईनेछ ।
- प्रत्येक ईजलास तथा उजुरीहरुको र न्यायिक कार्य सम्पादनको व्यवस्थित फायल तथा डिजिटल अभिलेख, प्रत्येक ६ महिनामा समीक्षा एवम् प्रत्येक वर्ष कार्यप्रगति प्रतिवेदन सार्वजनिक गरिनेछ ।
- स्वास्थ्यका लागि योग समाजका लागि योग भन्ने नारासहित विद्यालय देखि नागरिक समाजसम्म योग प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

## ३. पूर्वाधार विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रमः

- नगरपालिकाको प्रशासनिक कार्यलाई सुदृढ र व्यवस्थित बनाउन प्रशासकीय भवन, वडा कार्यालयको भवन, विद्यालयको भौतिक पुर्वाधार निर्माण, स्वास्थ्य चौकीको भवन निर्माण, मेलमिलाप कक्ष निर्माण गरी आफ्नै भवनबाट सेवा प्रवाह गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- **"उज्यालो नगर मेयरको रहर"** नाराका साथ सबै वडाहरुमा टावर लाईट, स्ट्रिट लाईट जडान गरि नगरलाई उज्यालो बनाउने प्रभावकारी नीति लिईनेछ, नगर क्षेत्र भित्र रहेका अव्यवस्थित विद्युतिय पोलहरुको व्यवस्थापन गर्न विद्युत प्राधिकरण संग समन्वय गरिनेछ ।
- **"व्यवस्थित, सफा र सुन्दर नगर"** निर्माण गर्न आगामी दिनमा निर्माण हुने सडक तथा सडक स्तरोन्नति हुँदा ढलान कार्यलाई निरुत्साहीत गर्दै कालोपत्रे सडक, ग्राभेल सडक, सुरक्षित ढल निर्माण कार्यमा वातावरण मैत्री बनाउन सडकको पेटीमा वृक्षारोपण गर्ने कार्यलाई अनिवार्य रुपमा व्यवस्थित गरिनेछ ।
- मिथिला नगरपालिकामा विद्युतिय चार्जिङ्ग स्टेसनलाई व्यवस्थित गर्न बजेट व्यवस्थापन गरिनेछ ।
- राजमार्ग वरिपरि, बजार क्षेत्र, पर्यटकको आवागमन हुने स्थान तथा सेवाग्राहीको अत्याधिक चाँप हुने स्थान तथा रिफ्रेस सेन्टर जस्ता ठाउँहरुमा सुविधा सम्पन्न शौचालय र विश्रामस्थलको क्रमशः व्यवस्थापन गरिनेछ।
- नगर क्षेत्र भित्र रहेका बाटोहरुको निर्धारीत मापदण्ड वमोजिम कायम गराई सो बाटोहरुको प्रकृतिक सम्पदा , धार्मीक, मौलिक प्रकृतिको नामाकरण गर्ने नीति लिइनेछ ।
- आ.व २०८२/०८३ को बजेट विनियोजन गर्दा पूर्णरुपमा योजना सम्पन्न हुने गरि मात्र बजेट विनियोजन गरिनेछ ।
- नयाँ ट्र्याक खोल्दा विजुली, पानी, ढलको उचित्त व्यवस्थापन हुने गरि मात्र अनुमति दिइनेछ ।
- राजमार्गबाट ग्रामिण बस्ति जोड्ने बाटोहरुलाई स्तरोन्नति गरिनेछ ।साथै संघ र प्रदेश सरकारको सहयोगमा कालोपत्रे गर्न सहकार्य गरिनेछ।
- स्थानीय संस्कतिलाई प्रवर्द्धन गर्ने तथा शारीरिक तन्दुरुस्तीलाई कायम गर्न प्रत्येक वडामा क्रमशः पार्क निर्माण गर्नुको साथै खुला जिम प्रयोगशालाको निर्माण कार्य गरिनेछ ।

- नगर क्षेत्र भित्र पर्ने सार्वजनिक सम्पतीको राष्ट्रिय, प्रदेशिक तथा स्थानीय सडकको अधिकार क्षेत्र (Right of way) भित्र अनधिकृत रुपमा रहेका स्थायी वा अस्थायी संरचनाहरु हटाउने नीति कडाईका साथ अवलम्बन गरिनेछ,
- **"सिचाँईमा लगानी, खेतबारीमा पानी"** अन्तर्गत नगर क्षेत्र भित्र सामुहिक डिप बोरिङ्ग, स्यालो ट्युवेल जडान गरी सोको रेखदेख र व्यवस्थापन नगरपालिकाले नै गर्ने नीति अवलम्वन गरिनेछ ।
- मिथिला नगरपालिका वडा नं. १० स्थित अधुरो रहेको पिकनिक स्पटलाई प्राथमिकताको आधारमा निर्माण सम्पन्न गरिनेछ ।
- नगर भित्रका कृषियोग्य जमिनहरुमा सिचाई सुविधा उपलब्ध गराउन कुलो, थोपा सिचाई, सिचाई पोखरी, प्लास्टिक पोखरी आदीको निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिईनेछ ।
- नगर स्तरीय वस्ति विकास योजनाको सम्भाव्यता अध्ययन तथा नीति निर्माण गरी सुरक्षित एवं एकिकृत वस्ति विकास कार्यक्रम लागु गरिनेछ ।
- परम्परागत उर्जा प्रयोगलाई क्रमशः प्रतिस्थापन गर्दै विद्युतिय उर्जाको प्रयोगको बढोत्तरीलाई प्रोत्साहन गरिनेछ।
- नगर भित्रका घाटहरुमा आधुनिक शवदाह स्थल निर्माण गरी संचालनमा ल्याईनेछ ।साथै कव्रस्थान, चिहानघाटहरुको स्तरोन्नती गरिनेछ ।

**४. वन बातावरण तथा विपद व्यवस्थापना क्षेत्र तर्फका नीति तथा कार्यहरु:**

- स्थानीय वन नीति निर्माण गर्दै वातावरण संरक्षण, भू-क्षय नियन्त्रण, पानीको मुल संरक्षण, जल श्रोतको व्यवस्थापन, स्थानीय ग्रामिण तथा कृषि सडक र सिंचाईको दिगो व्यवस्थापन गर्दै वातावरण संरक्षण कार्यलाई प्राथमिकता दिईनेछ।
- विपद व्यवस्थापनको रणनीतिक योजना तयार गरी नगर स्तरीय आपतकालिन कार्य संचालनको लागि केन्द्रमा विपद व्यवस्थापन सामाग्री, सुरक्षा निकाय संग समन्वय गर्दै विपदबाट पर्ने प्रभावको प्रतिकार्य तथा पूनः स्थापना गर्ने कार्यको नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका खोलानालाको दिगो व्यवस्थापन गरी वर्षामा हुने डुवानको समस्या समाधान गर्नको लागि प्रारम्भिक कार्यको रुपमा ड्रेनेज नेटवर्क प्लान तयार गरिनेछ, अल्पकालिन रुपमा समस्याको समाधानको लागि नगर क्षेत्र भित्रका सबै ढल, नाला सफाई गरी सहज पानीका निकास गरिने नीति लिईनेछ।
- स्वच्छ भान्सा प्रवर्धन र स्वदेसमा उत्पादित उर्जाको खपत वढाउन वीद्युतीय पुर्वाधार भएको स्थानहरुमा उपभोक्ताहरुलाई विद्युतिय उपकरणमा खाना पकाउन वीद्युतिय चुलो प्रयोगको लागी प्रोत्साहन गरिनेछ ।
- सौर्य उर्जाको प्रवर्धन तथा उर्जामा आत्म निर्भर बन्न सौर्य उर्जाबाट वीद्युतको उत्पादन तथा वितरणको लागी संभाव्यता अध्ययन गरिनेछ ।
- नदि तथा नदिजन्य पदार्थको बातावरणमैत्री व्यवस्थापन गर्न river harvesting कार्यक्रम संचालन गरिनेछ ।
- विपदजन्य घटना आगलागी, बाढी पहिरोबाट विस्थापितहरुको उचित व्यवस्थापनको कार्यक्रम ल्याइनेछ ।

**५. सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र तर्फका नीति तथा कार्यक्रम:**

- नगरपालिकाको कर्मचारीहरुको कार्य सम्पादनलाई नतिजासंग जोड्न र प्रमुख कार्यसम्पादन सूचकमा आधारित कार्य सम्पादन नतिजाको आधारमा उनीहरुको उत्प्रेरणा, संगठनको उत्पादकत्व अभिवृद्धिका लागि कार्य सम्पादनमा आधारित करार प्रणाली, प्रोत्साहन प्रणाली लागु गर्ने नीति अवलम्वन गरिनेछ ।

- सेवा प्रवाहलाई व्यवस्थित गर्न बार्षिक खरिद योजना बनाईनुका साथै नगरपालिकाले कार्यान्वयन गर्ने बजेटलाई वडा स्तरीय एक गौरवको योजना तयार गर्नुका साथै विवाद उत्पन्न नहुने स्थानमा बजेट विनियोजन गरि नगरको नीति र कार्यक्रम अनुकुल हुने गरि बजेट विनियोजन गर्न वडाहरुसंग समन्वय गर्ने नीति लिईनेछ ।
- असारे विकासको प्रवृतिलाई रोकेर बजेट पारित भए पछि आ.व. शुरुवात देखिनै योजना कार्यक्रम संचालन प्रक्रियाको थालनी गरीनेछ साथै नयाँ बजेट निर्माण कार्य समेत बैशाख देखिनै शुरुवात गरिनेछ ।
- सहज सुलभ गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन सार्वजानिक, निजी, साझेदारी (PPP)को अवधारणा अनुसार ढल्केवर आकस्मिक सेवा केन्द्रमा OPD , फार्मेसि सहितको आकस्मिक सेवा संचालनको प्रवन्ध मिलाइनेछ ।
- नगरको विकासलाई योजनाबद्ध र व्यवस्थित बनाउन आवधिक योजना, मध्यकालीन खर्च संरचनाको निर्माण गरी सार्वजनिक सेवा प्रवाहमा नगरबासीको बढी भन्दा बढी सहभागिता गराउन नगरपालिकाले प्रदान गर्ने सेवाहरु नगरबासीहरुलाई एकीकृत रुपमा प्रदान गर्न वान स्टक सिटिजन फ्यासिलेटर सेन्टर (One Stock Citizen Facilitator Center) को स्थापना गरी कार्यान्वयन गरिनेछ ।
- उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने योजनाहरु प्रति उपभोक्ताको स्वामित्व बोध, अपनत्व कायम गराउन योजनाको दिगोपनको लागि निश्चित प्रतिशत लागनी साझेदारी कार्यलाई निरन्तरता दिई उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, टोल विकास संस्थाहरुलाई पुरस्कृत गर्ने र खराव आचरण देखिएका उ.स./संस्थालाई दण्डित गर्ने नीति अवलम्बन गरिनुका साथै उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुको लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन नेपाली भाषामा तयार गर्ने कार्यलाई शुरुवात गरिनेछ ।
- भूमि आयोग संगको समन्वयमा नगर क्षेत्र भित्रका विभिन्न वडाहरुमा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरु तथा अधुरो कार्य भएको लाई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन संघिय सरकारसंग विशेष पहल गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- पूर्वाधार निर्माणको योजना विभिन्न गैर सरकारी संस्था, सहकारी, निजि क्षेत्र समेत सहकार्यमा सेवा प्रवाह र विकास प्रशासनलाई सुदृढीकरण गर्ने कार्य निरन्तरता दिईनेछ ।
- क र ख वर्गको अपाङ्गता भएका व्यक्तिहरु तथा ८० वर्ष माथिका जेष्ठ नागरीकहरुको घरदैलोमा पुगि परिचयपत्र वितरण गरिनेछ ।साथै घरदैलोमा पुगी मेलमिलापको कार्य गरिनेछ ।
- नगरपालिका तथा मातहतका कार्यालयहरुबाट चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ, लक्षित वर्गहरुलाई कानुनी सचेतना अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिने छ।
- नगरपालिकाबाट संचालन हुने वितरणमुखि कार्यक्रमहरु सम्वन्धित विषयगत समितिको समन्वयमा संचालन गरिनेछ ।
- नगरको विकास तथा समृद्धिको लागि विज्ञ समुह (THINK TANK) गठन गरि विशेषज्ञको राय सल्लाह तथा सुझावहरुलाई नगरको सम्पत्तिको रुपमा प्रयोग गरिने छ।
- अन्तर नगर सम्बन्धको विकास गर्दै देश भित्रैका र अन्य देशका नगर सँग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ, त्यसबाट प्राप्त हुने ज्ञान, सीप र क्षमतालाई नगरको विकासमा प्रयोग गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४, मधेश प्रदेश सरकारको स्थानीय सेवा(गठन तथा संचालन) ऐन २०८१ को प्रावधान अनुसार कार्यलयको संगठन तथा व्यवस्थापन सर्वेक्षण(O&M) तयार भएकोमा सोही वमोजिम नगरपालिका का शाखा तथा वडा कार्यालयहरुमा कर्मचारी व्यवस्थापन गरि सेवा प्रवाहलाई सुलभ प्रभावकारी बनाइनेछ ।
- पूर्वाधार निर्माणमा नविनप्रविधि अवलम्वन गर्न संलग्न हुने प्रविधिक कर्मचारीहरुलाई तालिमको व्यवस्थापन गरिनेछ ।
- सफ्टवेयर प्रणाली मार्फत न्यायीक समितिको क्रियाकलापहरु उजुरी, मेलमिलाप, न्यायिक छलफल तथा मिसिल संरक्षण जस्ता क्रियाकलाप थप व्यवस्थित बनाईनेछ ।

- नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि निरन्तर अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नको लागि छुट्टाछुट्टै समिति गठन गरी मासिक समीक्षा गरिनेछ ।
- स्थानीय राजश्व संकलनको दायरालाई फराकिलो र दिगो बनाउने नीति अवलम्वन गरिनेछ ।
- सबै व्यवसायीलाई करको दायरामा समावेश गर्न व्यावसाय दर्ता शिविर संचालन गरी व्यवसाय दर्ता, अनुमति, नवीकरण र सिफारिश जस्ता कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ ।
- स्थानीय राजश्व सुधार कार्य योजनाको निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- **करले होईन रहरले कर तिरौं** भन्ने भावना जाग्रीत गराउदै यथेष्ठ उत्प्रेरणा मार्फत कर तिर्ने बानीको विकास गर्न घरबाट प्रविधिकको प्रयोग गर्न सक्ने करदातालाई कर भुक्तानी गर्ने प्रविधिको विकास गरिनेछ। अन्य व्यावसायिको हकमा घरदैलो, घुम्तिसेवाको रुपमा व्यावसायिको स्थलमा पुगि व्यावसाय दर्ता तथा नवीकरण र राजश्व व्यवस्थापन करको दर भन्दा दायरालाई विस्तार गर्ने नीति लिईनेछ ।
- प्राकृतिक श्रोत साधनको अधिकतम परिचालन गर्ने नीति लिदै नगर क्षेत्रका प्राकृतिक श्रोत साधनको समुचित उपयोग गरिने कार्यलाई उत्प्रेरित गर्दै कानून विपरीतका कार्य रोक्न निरन्तर अनुगमन र कडा दण्ड जरिवानाको नीति अवलम्वन गरिनेछ ।
- **"आन्तरिक आयको भर व्यवस्थित घर वहाल कर"** नारा सहित कर संकलन गर्न घर वहालको दायरा फराकिलो गरी राजश्व वृद्धि गर्ने नीति लिईनेछ । यसले नगरपालिका आत्मानिर्भर तर्फ उन्मुख हुनेछ ।
- राजश्व प्रशासनलाई थप प्रविधिमैत्री बनाउन नगर कार्यपालिका कार्यालय र मातहतका वडा कार्यालयमा रहेका कर संकलन केन्द्रहरुमा Sutra को Revenue Module को प्रयोग मार्फत डिजिटाईजेशन गरिने छ ।
- घटना दर्ताको अभियान संचालन गरिनेछ ।
- बालबालिकाको संजाल र जेष्ठ नागरीक संजाललाई निरन्तरता दिइनेछ।
- ढल्केवरमा जिल्ला प्रशासन कार्यालय अन्तर्गत ईलाका प्रशासन कार्यालय स्थापानाका लागि सङ्घीय सरकारसंग आवश्यक पहल गरीनेछ ।जसबाट नागरिकका जीवनमा आवश्यक पर्ने नागरिकता, राहादानी लगायतका अन्य प्रशासनिक कार्य नगरबाट हुने अपेक्षा लिईनेछ ।

**सभासदस्य ज्यूहरु**

चालु आ.व. २०८१/०८२ मा मिति २०८२/०३/१३ गते सम्म संघ, प्रदेश र नगरपालिकाको आन्तरिक श्रोत गरी कुल **रु ७३ करोड १९ लाख ०२ हजार ३ सय ४० पैसा ३५** आय भएको र **रु ३३ करोड ३७ लाख ९६ हजार ९ सय ३५ पैसा २०** व्यय भएको छ ।अगामी आ.व. २०८२/०८३ को लागि संघ, प्रदेश र नगरापलिका सहितको कुल **रु ७९ करोड ७८ लाख ०८ हजार ३ सय ३५** को आय प्रक्षेपण गरी माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि आगामी आ.व. २०८२/०८३ मा संघ, प्रदेश र नगरपालिका सहितको कुल **रु ७९ करोड ७८ लाख ०८ हजार ३ सय ३५** को बजेट स्वीकृतीको लागि यस गरिमामय नगरसभा समक्ष पेश गरेको छु।

अन्तमा यस नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा, साथ, सहयोग, समन्वय, सहजीकरण गर्नुहुने हाम्रा सहकर्मी जनप्रतिनिधिहरु, कर्मचारी वर्ग , समाजसेवी , प्रवुद्ध समुह, शुभचिन्तक तथा नगरवासीहरुमा हृदय देखि धन्यवाद अर्पण गर्न चाहन्छु साथै आगामी दिनमा योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन गर्न यसैगरि हातेमालोको अपेक्षा गरेको छु ।

**धन्यवाद**

**महेन्द्र महतो**
**नगर प्रमुख**

मिति २०८२ साल असार १६ गते सोमवार